मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

कोरियन भाषा
का लागि एकमात्र विश्वासिलो र भरपर्दो कन्सल्टेन्सी
बिहान ६:०० बजे देखि बेलुकी ६:०० बजे सम्म
FAST TRACK
Education Consultancy (P) Ltd., Birtamode
Shanischare Road, Birtamode-5, Jhapa
A.C.
EPS-TOPIK
Course Book
Skill-Test
फोन: ०२३-५४०३५९ / ९८१६०३८८०४

◆ वर्ष : २४ ◆ अङ्क : ३१७ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ असोज १६ गते बिहीबार (Thursday, October 3. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

### महराले दिए दोस्रोपटक राजीनामा, सांसद पद छाडेनन्

# सभामुख चयनमा अन्यौल

**झापा, असोज १५।** संघीय संसद् सचिवालयले कृष्णबहादुर महराले सभामुख पदबाट दिएको राजीनामा सम्बन्धी सूचना प्रकाशित गरेको छ ।

संसद् सचिवालयमा कार्यरत एक महिलामाथि यौन दुर्व्यवहार भएको आरोप लागेपछि छानविन गर्न सहज होस् भनी उनले मंगलबार संवैधानिक व्यवस्था अनुरुप उपसभामुखसमक्ष राजीनामा दिएका थिए ।

उपसभामुख डा. शिवमाया तुम्वाहाङ्फेको आदेश अनुसार सचिवालयले प्रतिनिधिसभा नियमावली बमोजिम सभामुख महराको राजीनामा सम्बन्धी विषय बुधवार सूचनापत्रमार्फत जानकारी गराएको हो । संघीय संसद्को अधिवेशन चालू रहेको अवस्थामा सदनमा तथा अधिवेशन नभएको अवस्थामा सभामुखको राजीनामा सूचनामार्फत जानकारी गराउने व्यवस्था रहेको उपसभामुख तुम्वाहाङ्फेले जानकारी दिइन् ।


बलात्कारको आरोपपछि सभामुख पदबाट मंगलवार राजीनामा दिएका महराले बुधवार दोस्रो राजीनामा पत्र उपसभामुखलाई बुझाएका थिए तर उनले दोस्रो राजीनामा पत्रमा पनि सांसद भने त्यागेनन् । संसद सचिवालय स्रोतका अनुसार महराले मंगलबार दिएको राजीनामा पत्र सच्याउँदै अर्को राजीनामा पत्र बुझाएका हुन् । उनले सोमवारकै मितिमा राजीनामा पत्रको व्यहोरा सच्याएर उपसभामुख शिवमायालाई दिएका हुन् ।

महराले मंगलबार 'छानबिन प्रक्रिया नसकिंदासम्मका लागि' राजीनामा दिएको उल्लेख गरेका थिए । तर, उनले नयाँ राजीनामा पत्रमा भने त्यो वाक्य हटाएका छन् । स्रोतका अनुसार महराले नयाँ राजीनामा पत्रमा 'नैतिकताका आधारमा आजकै मितिदेखि राजीनामा दिएको छु'- भनेर उल्लेख गरेका छन् ।

उनको राजीनामा शर्तसहितको भएको भन्दै नेकपाकै नेताहरूले आलोचना गरेका थिए । उपसभामुख तुम्वाहाङ्फले महराको राजीनामा पत्र बोकेर आएका उनका स्वकीय सचिव सागर केसीलाई शर्तसहितको राजीनामा पत्रमा असन्तुष्टि जनाएकी थिइन् ।

(बाँकी अन्तिम पृष्ठमा)

### संसदको वेबसाइटबाट महरा 'डिलिट'



संघीय संसद सचिवालयले प्रतिनिधिसभाको वेबसाइटबाट कृष्णबहादुर महराको नाम हटाएको छ ।

राजीनामा दिएसँगै प्रतिनिधिसभाको वेबसाइटबाट उनको नाम हटाइएको हो । वेबसाइटमा सभामुखको ठाउँ खाली राखिएको छ । वेबसाइटको होमपेजमा सभामुख र उपसभामुखको फोटोसहितको प्रोफाइल लिंक हुन्छ ।

### 'पीडितले बोली फेरे पनि अनुसन्धान रोक्न मिल्दैन'

**झापा, असोज १५।** सभामुख पदबाट राजीनामा दिएका कृष्णबहादुर महरामाथि लागेको यौन दुर्व्यवहारको आरोपबारे पीडित भनिएकी महिलाले आफ्नो भनाइ फेरे पनि अनुसन्धान रोक्न नमिल्ने फौजदारी कानूनका जानकारहरूले बताएका छन् ।

फौजदारी कसुरको आरोपमा सूचना पाउने बित्तिकै प्रहरीले अनुसन्धान गर्नैपर्ने बाध्यतात्मक अवस्था रहेकाले अनुसन्धान रोक्न नमिल्ने उनीहरूको तर्क छ । संघीय संसद् सचिवालयमा कार्यरत एकजना महिलाले यौन दुर्व्यवहार गरेको आरोप लगाएपछि महराले मंगलवार राजीनामा दिएका थिए । महराले आफूमाथि लागेको आरोपलाई निराधार भन्दै खण्डन गरिसकेका छन् ।

(बाँकी अन्तिम पृष्ठमा)

## इजरायली प्रविधिको गोवर ग्यास बिर्तामोडमा

**बिर्तामोड, असोज १५।** बिर्तामोडका कृषकले अब खाना पकाउने ग्यासको अभाव व्यहोर्नु नपर्ने भएको छ ।

खाना पकाउने एलपी ग्यासको पटक -पटक अभाव भइरहँदा नगरवासीलाई घर-घरमा एलपी ग्यास जडान थालेसँगै नगरका कृषकले ग्यासको अभाव व्यहोर्नु नपर्ने भएको हो ।

नगरपालिकाले गतआर्थिक वर्ष एकसय घरमा खाना पकाउने एलपी ग्यासको सट्टा गोवर ग्यासको प्लान्ट जडान गरेपनि यस वर्ष दुई सय घरमा गोवर ग्यासका प्लान्ट जडान थालेसंगै नगरका कृषकलाई सहज भएको हो ।

नगरपालिकाले यस आर्थिक वर्षमा दुई सय घरमा गोवर ग्यासको प्लान्ट जडान गर्छ- बिर्तामोड नगरपालिका प्रमुख ध्रुवकुमार शिवाकोटीले भने- हामीले गत वर्षबाट घर-घरमा गोवर ग्यासका प्लान्ट जडान गर्न शुरु गरेका हौं, यो कार्य निरन्तर जारी रहन्छ, अब नगरवासीले खाना पकाउन ग्यास पाइएन भनेर चिन्ता नगरे हुन्छ ।

वुधवार बिर्तामोड वडा नम्बर-४ स्थित कृष्णप्रसाद उप्रेतीको घरमा इजराइली मोडलको होम वायो ग्यासको प्लान्ट जडान कार्यको उद्घाटन गर्दै अध्यक्ष शिवाकोटीले पशुपालन गर्ने कृषकका लागि

(बाँकी अन्तिम पृष्ठमा)

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

**ड्रिमल्याण्ड पार्क उद्घाटन कार्यक्रममा उपस्थित हुनेवारेको सूचना**

झापाको विर्तामोड-२ कच्छुवारीमा निर्मित 'श्रीजय ड्रिमल्याण्ड पार्क' को शुभ उद्घाटन यही मिति २०७६ साल आश्विन १६ गते विहान १०.३० बजे बरिष्ठ विद्वानद्वय संस्कृत विद्यापीठ साधुटारका संस्थापक **पं. श्री केदारनाथ खतिवडा** र विवेकाश्रम संस्कृत विद्यालय चारपानेका संस्थापक व्यासाचार्य **श्री किशोरकुमार गौतम**ज्यूको संयुक्त बाहुलीबाट दीप प्रज्ज्वलन गरी निम्न कार्यक्रमका साथ गरिने निश्चय भएको हुँदा सो अवसरमा उपस्थितिका लागि सम्पूर्ण मान्यजनहरुमा हार्दिक आमन्त्रण गर्दछौं ।

**कार्यक्रमहरु :**

१. **आश्विन १६ गते**- कनकाई क्याम्पस, विर्तामोडका बिद्यार्थी, शिक्षक तथा अभिभावकज्यू एवम् संस्कृत विद्यापीठ साधुटार र विवेकाश्रम संस्कृत विद्यालय चारपानेका विद्यार्थी, शिक्षक र कर्मचारीलाई निशुल्क प्रवेश ।

२ **आश्विन १७**- गते कनकाई वोर्डिङ स्कुल विर्तामोडका शिक्षक, विद्यार्थी, कर्मचारी तथा अभिभावकज्यूहरुलाई निशुल्क प्रवेश ।

३. सवै क्षेत्रका विद्यार्थीहरुलाई ल्याउने, पुर्‍याउने र नास्ताको व्यवस्था तथा क्याम्पसका विद्यार्थीहरुलाई दिवा खानाको व्यवस्था गरिएको ।

४. आश्विन १६ गते मात्र सम्पूर्ण आमन्त्रित महानुभावहरुलाई निःशुल्क प्रवेशको व्यवस्था गरिएको ।

५. हाम्रो कनकाई एजुकेशन फाउण्डेशनका सम्पूर्ण अभिभावकज्यूहरुलाई प्रवेश पासको व्यवस्था गरिएको ।

६. अन्य आयस्रोत नभएका संघसंस्था र विद्यालयहरुलाई पछि क्रमशः प्रवेश दिइँदै जाने ।

७. परिचयपत्रसहितका सञ्चारकर्मीलाई १६ र १७ गते नै निःशुल्क प्रवेशको व्यवस्था मिलाइएको ।

**- अन्त्यमा, 'हाम्रो सपना शिक्षासंगै सम्वन्धित एक किसिमको पाठशाला' नै भएकोले सवै क्षेत्र र तहवाट सकारात्मक सहयोग पुग्ने विश्वास लिएका छौं ।**

जयनारायण ढुंगाना तथा अञ्जना ढुंगाना: संस्थापक

**श्रीजय ड्रिमल्याण्ड पार्क**

बिर्तामोड-२ (झापा)

## वैदेशिक रोजगारमा मृत्यु भए स्थानीय तहमै निवेदन

**झापा, असोज १५ ।** सरकारले वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका कामदारका परिवारले आर्थिक सहायताका लागि राजधानी धाउनुपर्ने अवस्थाको अन्त्य गर्दै सम्बन्धित स्थानीय तहबाटै निवेदन दिनसक्ने व्यवस्था गरेको छ ।

वैदेशिक रोजगार नियमावली, २०६४ को पाँचौं संशोधन गर्दै सरकारले स्थानीय तहबाटै आर्थिक सहायताका लागि निवेदन दिन सकिने व्यवस्था गरेको हो । वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक राजनप्रसाद श्रेष्ठका अनुसार अबदेखि वैदेशिक रोजगारीका क्रममा विदेशमा वा स्वदेश फर्किएको एक वर्षभित्र मृत्यु भएका व्यक्तिका परिवारले स्थानीय तहबाटै आर्थिक सहायताका लागि निवेदन दिन सक्नेछन् । उनका अनुसार स्थानीय तहले निवेदन प्राप्त भएको सात दिनभित्र बोर्डमा सक्कलै फाइल पठाइसक्नुपर्नेछ ।

पछिल्लो समय वैदेशिक रोजगारसँग सम्बन्धित सेवालाई विकेन्द्रित गराउँदै लगेको सरकारले यसअघि नै सातै प्रदेशबाट पुनः श्रम स्वीकृति प्रदान गर्न थालिसकेको छ । पछिल्लो व्यवस्थाले आर्थिक सहायताका लागि राजधानी नै धाउनुपर्ने अवस्थाको अन्त्य गरेको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री गोकर्ण विष्टले मन्त्रालयको जिम्मेवारी सम्हालेलगत्तै आर्थिक सहायता वितरणलगायत अन्य सेवालाई प्रभावकारी, पारदर्शी र विकेन्द्रित बनाउने घोषणा गरेका थिए । उनकै अध्यक्षतामा बसेको वैदेशिक रोजगार बोर्ड सचिवालयको बैठकले आर्थिक सहायता उपलब्ध गराउन प्रक्रियागत सरलताका लागि स्थानीय तहबाटै निवेदन दिने र बैंक खातामार्फत सहायता उपलब्ध गराउने गरी नियमावली संशोधन गर्ने निर्णय गरेको थियो ।

स्थानीय तहबाटै आर्थिक सहायता वितरण र निवेदन दिन सकिने व्यवस्थासँगै आर्थिक सहायताका लागि काठमाडौं नै

(बाँकी अन्तिम पृष्ठमा)

**दशैं शुभकामनासहित स्पेशल परिकारहरु**



२०७६को विजयादशमी, शुभदीपावली तथा छठ पर्वको पावन अवसरमा हाम्रा सम्पूर्ण ग्राहक, शुभचिन्तक, कर्मचारी तथा देशविदेशमा रहनुहुने सम्पूर्ण दाजुभाइ, दिदीबहिनीमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**हाम्रा स्पेशल परिकारहरु**

चाइनिज, इण्डियन, कन्टीनेन्टल, नेपाली खाना, मःम, चाउमिन साथै सम्पूर्ण पेय पदार्थ ।

**तन्दुरी र विर्‍यानीको स्पेशल परिकार**

**होम डेलिभरीको समेत व्यवस्था छ ।**

**मिटिङ्ग पोइन्ट रेष्टुरेन्ट एण्ड बार**

मुक्तिचोक, भद्रपुररोड, बिर्तामोड

फोन नं. ०२३-५४६२१८, ९८५२६४०४७३



## पीडितले ...

मंगलवारै पीडित भनिएकी महिला आफैँले उक्त आरोपको खण्डन गरेको एउटा भिडिओ सार्वजनिक भएपछि भने प्रहरी अनुसन्धान अघि बढ्छ वा बढ्दैन भन्दै धेरैले प्रश्न उठाएका छन् । फौजदारी कानुनका जानकारहरूका अनुसार पीडित भनिएकी महिलाले विभिन्न सञ्चारमाध्यममार्फत महरामाथि लगाएको आरोपको आफैँले खण्डन गरे पनि प्रहरी अनुसन्धानबाट पछि हट्न मिल्दैन ।

फौजदारी कानूनका एकजना जानकार वरिष्ठ अधिवक्ता प्राध्यापक रञ्जितभक्त प्रधानाङ्ग भन्छन्- यो सामान्य अपराधको आरोप होइन, त्यसैले उजुरी आएन वा पीडित भनिएकी महिलाले बोली फेरिन् भन्दैमा अनुसन्धान रोक्न मिल्दैन । उनी पीडित भनिएकी महिलाले आइतवार राति फोन गरेपछि प्रहरी घटनास्थल पुगेर केही प्रमाणहरू पनि सङ्कलन गरेको अवस्थामा अब 'सर्लक्कै पन्छिन' नमिल्ने बताउँछन् ।

उनले भने- यो घटनामा पीडित भनिएको व्यक्तिको स्वास्थ्य परीक्षण हुँदा र उनले जाहेरी दिँदा मुद्दा बलियो बन्छ । तर त्यसो भन्दैमा अनुसन्धानलाई किन पनि रोक्न मिल्दैन भने प्रहरीले आफैँले अनुसन्धान शुरु गरिसक्यो । पीडित भनिएको मानिसको घरमा पुगेर प्रमाण सङ्कलन गरिसक्यो ।

उनले कतिपयले मानसिक रोगको उपचार गराइरहेको व्यक्तिले लगाएको आरोप वा भनेको कुरा प्रमाण हुँदैन भन्ने गरेकोतर्फ सङ्केत गर्दै उनले भने- त्यसो भए बोल्न नसक्ने, सुस्त मनस्थितिका व्यक्ति वा कान नसुन्ने र आखाँ नदेख्ने व्यक्तिले भनेको कुरालाई नपत्याउने ? कानूनले त्यसलाई प्रमाण नमान्ने भनेको छैन ।

फौजदारी कानूनका अर्का एक जानकार अधिवक्ता सतीशकृष्ण खरेल पनि अहिलेको अवस्थामा प्रहरीले अनुसन्धानलाई अघि बढाउनैपर्ने कानूनी बाध्यता रहेको बताउँछन् । उनले भने- पीडित भनिएको व्यक्तिले आरोपको खण्डन गरे पनि वा नगरे पनि यसमा फौजदारी कानून आकर्षित हुन्छ ।

खरेलका अनुसार अहिले पीडित भनिएकी महिलाले आफ्नो भनाइ फेरे पनि प्रहरीले प्रारम्भिक अनुसन्धान गर्नैपर्ने हुन्छ । त्यसका लागि पीडित भनिएकी महिला र आरोप लागेका महराको बयान तत्कालै लिनुपर्ने उनले बताए । प्रहरीका लागि अहिले सबैभन्दा अप्ठ्यारो चाहिँ महिलाको स्वास्थ्य परीक्षण गराउन हुने देखिएको खरेल बताउँछन् ।

महरा राजनीतिक प्रभाव भएको व्यक्ति भएका हुनाले उनले पीडित र साक्षीलाई प्रभावित गरेको हुनसक्ने अवस्थाको समेत ख्याल गरेर प्रहरीले अनुसन्धान अघि बढाउनुपर्ने आवश्यकता रहेको उनले बताए । उनले भने- स्वास्थ्य परीक्षणका लागि चाहिँ महिलाको अनुमतिविना गर्न सकिने अवस्था रहँदैन । तर प्रहरीले अन्य प्रमाणका आधारमा पनि अनुसन्धान गर्नैपर्छ ।

खरेलका अनुसार अनुसन्धानबाट महराले आफ्नो राजनीतिक प्रभाव प्रयोग गरेर पीडित भनिएको व्यक्तिलाई आरोप खण्डन गर्न लगाएको पुष्टि भएमा उनीमाथि दुईवटा कसुरमा मुद्दा चल्न सक्छ । तर कसुर प्रमाणित हुने आधार नदेखिएमा चाहिँ प्रहरीले प्रारम्भिक अनुसन्धानबाटै पनि त्यसलाई बन्द गराउन सक्छ ।

नेपाल प्रहरीका पूर्वडीआईजी हेमन्त मल्ल पनि पीडित भनिएको व्यक्तिले आफ्नो भनाइ फेर्‍यो भनेर अनुसन्धान रोक्न नमिल्ने बताउँछन् । उनी भन्छन्- उजुरी परे पनि नपरे पनि, पीडित भनेको व्यक्तिले जस्तो अभिव्यक्ति दिए पनि मौखिक उजुरी परेर अनुसन्धान शुरु भइसकेकाले यसलाई कुनै न कुनै चरणमा पुर्‍याउनैपर्छ । उनका अनुसार यो घटनामा वारदात भएको स्थान र पीडित भनिएकी महिलाको शरीरमा प्रमाण रहेकाले दुवै कुरा महत्वपूर्ण हुन्छ ।

पीडित भनिएको व्यक्तिले बोली फेर्दा प्रहरीलाई समस्या त हुन्छ नै तर प्रहरीले आफ्नो छवि सुधार गर्नकै लागि पनि यो घटनाको अनुसन्धान त टुङ्ग्याउनै पर्छ," मल्लले भने ।

## सभामुख ...

उनले राजीनामा पत्रको व्यहोरा सच्याउन महरालाई खबर पठाएकी थिइन् ।

विभिन्न सञ्चारमाध्यममा मेरो चरित्रमा गम्भीर प्रश्न उठाई लगाइएको आरोपबारे सत्यतथ्य, निष्पक्ष र स्वतन्त्र छानबिनका लागि अनुसन्धान गर्न सहज होस् भनी नैतिकताका आधारमा आजैका मितिदेखि राजीनामा दिएको छु- महराले प्रतिनिधिसभाको सभामुख पदबाट दिएको राजीनामालाई उद्धृत गर्दै सूचनापत्रमा भनिएको छ ।

रिक्त भएको सभामुख चयनसम्बन्धी प्रक्रिया अघि बढाउन संघीय संसद्को पाँचौं अधिवेशन प्रारम्भको आह्वान हुनुपर्नेछ । त्यसअघि दलहरुबीच कुन दलले सभामुख प्राप्त गर्ने भन्ने विषयमा छलफल हुनुपर्ने आवश्यकता देखिएको छ । दलहरुबीच सहमति नभएको खण्डमा निर्वाचनको माध्यमबाट सभामुखको चयन हुनेछ । संविधानको भावनाअनुसार सभामुख र उपसभामुखमध्ये फरक दल र फरक लिङ्गको हुनुपर्दछ ।

नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) फरक-फरक राजनीतिक दल रहेको अवस्थामा सभामुख र उपसभामुखको चयन भए पनि दुवै दलको एकीकरणपछि दुई पदमध्ये एक पद फरक दलको हुनुपर्छ भन्ने प्रश्न उठ्दै आएको थियो । सभामुख महराको राजीनामा आएसँगै अब यो विषय पुनः कार्यान्वयनमा जानेछ ।

यसअघि सभामुख पदमा महरा निर्विरोध निर्वाचित भएका थिए भने उपसभामुख पदमा मतदान भएको थियो । अब सभामुखको चयन नियमित अधिवेशनबाट हुन्छ कि विशेष अधिवेशन बोलाउन आवश्यक छ भन्ने प्रश्नमा उपसभामुखले भनिन्- नियमित अधिवेशनबाट सभामुखको चयन गर्ने कि त्यसका लागि विशेष अधिवेशन आह्वान गर्ने भन्ने सन्दर्भमा राजनीतिक दल र सरकारबीच हुने छलफल र सहमतिका आधारमा तय हुनेछ ।

## बैदेशिक ...

धाउनुपर्ने अवस्थाको अन्त्य भएको छ । यसबाट पीडित परिवारले ठूलो राहत पाउनेछन् । उनीहरुको आर्थिक तथा समयको पनि बचत हुनेछ ।

यसैगरी आर्थिक सहायता उपलब्ध गराउन सहजीकरण गरिदिने भन्दै पीडितबाट राहत रकम लिने अवस्थाको पनि अन्त्य हुने विश्वास गरिएको छ । यसअघि कतिपय 'एजेन्ट' ले मृतकको कामदारका आफन्तलाई आर्थिक सहायताका लागि सहजीकरण गरिदिने प्रलोभन दिएर पीडितबाट रकम लिने गरेको अवस्था थियो । कतिपय पीडित परिवार आर्थिक सहायता पाउने क्रममा ठगीमा पर्दै आएका थिए ।

बोर्डले उपलब्ध गराउने आर्थिक सहायताको सम्पूर्ण हिस्सापीडितले प्राप्त गर्न नसक्ने अवस्था थियो । स्थानीय तहबाट तथा बैंक खातामार्फत भुक्तानी हुने व्यवस्था भएपछि पीडितले प्राप्त गर्ने आर्थिक सहायता सुनिश्चित भएको छ । मृतकको हकवाला स्थानीय तहले प्रमाणित गरेपछि र बैंकले सोही हकवालाको खाता नं प्रमाणीकरण गरेपछि मात्र आर्थिक सहायता निकासा हुने कार्यकारी निर्देशन श्रेष्ठले जानकारी दिए ।

बोर्डले प्रतिमृतक परिवार रु. सात लाख आर्थिक सहायता उपलब्ध गराउँदै आएको छ । सरकारले वैदेशिक रोजगार नियमावली, २०६४को पाँचौं संशोधन गरी वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका कामदारका नजिकका हकवालाले बोर्डबाट पाउने आर्थिक सहायताका लागि स्थानीय तहबाट निवेदन दिनसक्ने र बोर्डबाट हकवालाको बैंक खातामा सिधै रकम भुक्तानी गर्नसक्ने व्यवस्था गरेको हो ।

विसं २०७६ भदौ १ गतेदेखि लागू हुने गरी सरकारले यो व्यवस्था गरे पनि प्रक्रियागत विषय मिलाउनुपर्दा केही समय लागेको हो । यसबाट मृतक कामदारका परिवारलाई काठमाडौँसम्म आउनुपर्नेलगायत अन्य थुप्रै झञ्झटबाट मुक्ति मिल्ने विश्वास गरिएको छ ।

करार अवधिभित्र वा करार अवधि समाप्त भएको एक वर्षभित्र कुनै कारणले मृत्यु भएमा कामदारको परिवारले आर्थिक सहायता प्राप्त गर्नेछ । आर्थिक सहायताका लागि एक वर्षभित्र बोर्ड सचिवालयमा निवेदन दिनुपर्नेछ ।

आर्थिक सहायताका लागि गन्तव्य मुलुकमा पुगेको प्रमाणित हुने छाप भएको पृष्ठ र राहदानीवाहकको राहदानी नं, नाम र फोटो भएको पृष्ठको प्रतिलिपि, विदेशस्थित रोजगारदाता कम्पनी, नियोग/अस्पतालको मृत्युको प्रमाणपत्र र शव ल्याउँदाको प्रज्ञापन पत्रको प्रतिलिपि र नेपालमा मृत्यु भएकाको हकमा निज वैदेशिक रोजगारीबाट फर्केको आगमनको छाप लागेको पृष्ठको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

यसैगरी स्थानीय तहले प्रदान गरेको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि, हकवालाको नागरिकता/नाता प्रमाणित वा अविवाहित भए स्थानीय तहबाट अविवाहिताको सिफारिस पत्र, स्थानीय तहबाट हकवाला खुलेको फोटो र बैंकको नाम/शाखा र बैंकखातासहितको बैंकको पत्रसमेत निवदेनका साथ पेश गर्नुपर्नेछ ।

पेश भएको प्रमाणित कागजात संलग्न गरी सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतबाट सिफारिस भएको हुनुपर्ने बोर्डले जनाएको छ ।

## इजरायली ...

नगरपालिकाले गोवर ग्यास जडान गर्न विशेष पहल गरेको र पशुपालन व्यवसायलाई समेत प्रोत्साहन गर्दै नगरले अनुदानका विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको बताएका छन् ।

नेपाल वायोग्यास प्रवर्द्धन संघ प्रदेश नम्वर १ले नगरमै पहिलोपटक इजरायली मोडलको वायोग्यास जडान गरेको थियो । सात घन मिटरको गोवर ग्यास प्लान्ट नेपालकै लागि पहिलो हुने र १५ वर्षसम्म यसको वारेन्टी रहने भन्दै नेपाल वायोग्यास प्रवर्द्धन संघ प्रदेश नम्वर १का सचिव तथा लोक कल्याण गोवर ग्यास कम्पनी प्रालिका कार्यकारी अध्यक्ष सन्तोष उप्रेतीले दुई घण्टामै जडान गर्न सकिने यो प्रविधिले कृषकलाई अन्य ग्यासको तुलनामा विशेष फाइदा पुग्ने दावी गरे । उनले यो प्लान्ट जडान गर्दा खाल्डो खनी रहनु नपर्ने र व्याग जस्तै जमिनमाथि नै राख्न सकिने बताए । २० हजार रुपैयाँमै यो प्लान्ट जडान गर्न सकिने र यो ग्यास एकपटक भरेपछि चार घण्टासम्म चलाउन सकिने उप्रेतीले बताए । उनले भने- अब सिलिन्डर ग्यास विस्थापित गर्ने अभियानमा हामी लागी पर्छौं, यसले गर्दा पशुपालक कृषकलाई र वातावरणलाई समेत फाइदा पुग्छ ।


**भिटा विक्रीमा**

बिर्तामोड-१ देवी पञ्चकन्या प्लटिङमा १ कठ्ठा भिटा सस्तोमा अर्जेन्ट विक्रीमा छ ।
२० फुटे बाटो । ४० फुट मुख । ९२ फुट लम्बाई । वरिपरि प्लम उठाइएको ।
लोकेशन : (देवी पञ्चकन्या प्लटिङको आइलेण्ड (गोलाई)बाट थोरै उत्तर पश्चिम ।
अर्थात् मोहनमाया स्कूल उत्तरको पार्टी प्यालेसबाट थोरै उत्तर पूर्व)
उच्च ठाउँ र शान्त वातावरण भएकाले घर आवासका लागि अति उत्तम ।
तत्काल पास गर्नेले सम्पर्क गर्नुहोला ।
मो. ९८२३७२६९७९

**कर्मचारी आवश्यकता**

लक्ष्मीपुरबाट चारपाने, शनिश्चरे, मदनपुर, सिस्ने, खुदुनावारी, जुकेखाडी वनसम्म पत्रिका वितरण गर्ने कर्मचारी चाहिएकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
(तलबः ११०००+ बोनस गरेर १३,०००।- सम्म बचाउन सक्ने । आफ्नै मोटरसाइकल भएको हुनुपर्नेछ ।) काम गर्ने समय बिहान ९ बजेसम्म ।
मो. ९८०१४०४०००, ९८१६६४१५७३

**Private / Open SEE 2076**

प्राईभेट SEE, कक्षा-१० को आठ ओटै विषयका तयारी कक्षाहरुमा भर्ना खुल्यो ।
कक्षा-८ पास गरी अध्ययन छाडेका, कक्षा-९, १० वा SLC फेल भई बसेका विद्यार्थीहरूले यस वर्ष नै SEE पास गर्न सक्नेछन् ।
पाइथागोरस एजुकेशन फाउण्डेशन
अतिथि सदन रोड, बिर्तामोड
फोन. 023-544975 , मो.नं. 9807927033








श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोप्प प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाश[redacted]पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्य[redacted] ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) En[redacted]/purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

### ठूलालाई चैन नहोस्

**संघीय गणतन्त्रात्मक संविधानमा सभामुखको पदलाई सम्मानित पद मध्येको एक मानिन्छ । अझ देशका प्रमुख तीन अङ्गहरु न्यायपालिका, कार्यपालिका र व्यवस्थापिका मध्येको सर्वोच्च संस्था हो व्यवस्थापिका अर्थात् प्रतिनिधिसभा । यसकारण प्रतिनिधिसभा सर्वोच्च हो, कि उसले निर्माण गरेको विधि र कानून अनुसार कार्यपालिका सञ्चालन हुन्छ र विधि अनुसार काम गरे नगरेको निरुपण गर्छ न्यायपालिका सभाले । यसरी तीनवटै सर्वोच्च हुँदाहुँदै पनि कार्यक्षेत्र, अधिकार र दायित्वका कारण व्यवस्थापिका सभालाई सम्माननीयहरुमा पनि सम्माननीय मानिन्छ । त्यसमा पनि सम्पूर्ण जनताको प्रतिनिधित्व गर्ने संस्थाको प्रमुख अर्थात् सभामुख वरेण्य पद हो ।**

**वर्तमानमा सभामुख पदमा कृष्णबहादुर महरा आसीन थिए । अहिले बलात्कारको आरोप लागेका कारण यो पद रिक्त छ । अर्थात् तत्कालीन सभामुख महराले पदबाट राजीनामा दिएका छन् । यति ठूलो पदमा आसीन व्यक्तिमाथि नेपालको इतिहासमै गम्भीर आरोप लागेको यो पहिलो पटक हो । संसद सचिवालयकै एक महिला कर्मचारीले आफू माथि बलात्कारको प्रयास भएको आरोप लगाइन् । सोमबार साँझ सभामुख माथि लागेको यो आरोपले देशमा तरंग ल्यायो । सामाजिक सञ्जालमा छरपष्ट यो समाचार सदृष्य प्रशारण पनि भयो । गएको आइतबार बेलुका भएको घटनापछि पीडित भनिएकी महिलाले प्रहरीलाई खबर गरेकी थिइन् । त्यही समय प्रहरीले समेत अनुसन्धान शुरु गरी प्रमाणहरु संकलन गर्‍यो ।**

**सार्वजनिक भएको दोस्रो दिनसम्ममा घटनाले नयाँ मोड लियो । पीडित भनिएकी महिलाले आफूले बोलेको कुरा खण्डन गर्दै सञ्चारमाध्यमहरुले नबोलेको कुरा प्रशारण गरेको आरोप लगाउन भ्याइन् । एक दिनअघि 'हाइप्रोफाइल'का महरामाथि बलात्कारको आरोप लगाउने महिलाले भोलिपल्टै फरक मात्र होइन सञ्चारमाध्यमलाई दोष दिएर चोख्याउने प्रयासमा लाग्नुले परिस्थितिमा 'गडबडी' आएको हुनसक्ने अनुमान गरिँदैछ । उनले घटना भएको दिन प्रहरीलाई नबोलाएको भए न समाचार बन्थ्यो न त खण्डन-मण्डन नै गर्नुपर्थ्यो । यदि आरोप मात्रै थियो, महरा निर्दोष थिए भने राजीनामा दिनुपर्ने नै थिएन । त्यसैले नेपाली जीवनमा प्रचलित- 'हावा नआई पात हल्लिँदैन', 'आगो नबली धुँवा आउँदैन' भन्ने उखान यो विषयमा पनि प्रमाणित हुन्छ । किनकि आरोप र खण्डनको मुद्दाले सत्तारुढ दल र सरकारको जीवनमा भय, आशंका र अविश्वास जन्माएको छ ।**

**पीडित भनिएकी महिलाले किन कुरा फेरिन ? किन उजुरी गरिनन् ? त्यसको जवाफ उनैसँग होला । घटनाको नयाँ मोडले दल, सत्ता र शक्तिको प्रभाव, दबाव, धम्की अथवा ऐश्वर्यको आकर्षणको समेत संकेत गरेको छ । प्रहरीकै सामु उनले किन मुख फेरिन्, किन पत्रकार र सञ्चारमाध्यमलाई दोषी देखिन्, प्रहरी स्वयम् तत्काल अनुसन्धान गर्नुपर्ने कर्तव्यबाट किन पछि हट्यो यो इतिहासमा कतै खुल्ला । महराले उनी आवद्ध दलको निर्देशन अनुसार सभामुख पदबाट राजीनामा दिएर छानविनलाई सघाउँछु भनेको सन्दर्भले पनि घटना सत्य नै हो भन्ने आधार बनाएको छ। त्यसैले उच्च ओहोदामा बसेका व्यक्तिमाथि इतिहासमै पहिलो पटक लागेको गम्भीर आक्षेपको सन्दर्भमा यसको निरुपण आम जनताको पनि चासोको विषय हो । 'सानालाई मात्र ऐन' नहोस् त्यसका लागि खण्डन होइन स्वतन्त्र र निष्पक्ष अनुसन्धानबाट सत्यतथ्य सार्वजनिक गरिनु पर्दछ । यसले मात्र विधि र कानूनको शासनको विशेषतालाई जोगाउने छ ।**

### सामाजिक सञ्जाल




सभामुख जस्तो मर्यादित पदमा नियुक्त हुन उसको कुनै पृष्ठभूमि नखोजिने, मात्र राजनीतिक पार्टको नेता भए पुग्ने भएसी यस्तै हो। सभ्य मुलुकमा राष्ट्रपति, सभामुख तथा न्यायाधीश जस्ता पदहरुमा नियुक्त हुने व्यक्तिको पृष्ठभूमि समेत हेरिन्छ। अनि मात्र 'महरा' जस्ता आउँदैनन् ।

**– मुमाराम खनाल**

आरोप नै अपराध प्रमाणित हुनु होइन । तर, आरोपमा संलग्न पक्षले नागरिक सरह छानविनका लागि सहज भई दिनु र राज्यको निकायले कानूनतः प्रक्रिया अगाडि बढाउनु कानूनी राज्यको आभाष दिनु पनि हो । जति ठूलो पद, त्यति धेरै जिम्मेवारी कानूनी मान्यता नै हो । तथ्यगत, निष्पक्ष छानविन पहिलो शर्त हो ।

**– विन्दा पाण्डे**



अबको परीक्षा प्रहरी, पीडित भनिएकी पात्र र स्वयम् महरा सम्बद्ध दल तथा सरकारको । सतहमा आएका यस्ता घटनाहरुलाई बिना अनुसन्धान र झारा टराइबाट टक्टकिने हो भने यसले बहुत गलत सन्देश दिनेछ । विचार पर्‍याउँदा राम्रो होला ।

**– नारायण अमृत**

# गाईको आयात रोक्न पहल गरौं



रामचन्द्र उप्रेती

झापा, मोरङ र सुनसरीमा कति गाई पालिएका होलान् ? कति दूध उत्पादन हुन्छ ? कति दूधको खपत हुन्छ ? दूध बढी भएमा कसरी व्यवस्थापन गर्न सकिएला ताकि किसानले मिल्क होलिडे व्यहोर्नु नपरोस् । यी साधारण प्रश्नको तथ्यगत जवाफ सायद कसैसँग छैन। सबैले अन्दाज गर्ने मात्रै हो। मैले पनि यहाँ केही अन्दाज गरेको छु। अरु पहाडी दुई जिल्ला इलाम र धनकुटालाई पनि समावेश गर्ने हो भने के भन्न सकिन्छ भने यो क्षेत्रमा दूध उत्पादन अहिले पनि देशका अरु धेरै जिल्लाकोभन्दा राम्रो हुन्छ।

देशमै दूध उत्पादनमा नाम कमाएका यी जिल्लामा पनि अवस्था कस्तो छ भने परम्परागत, निर्वाहमुखी मात्रै हो भन्दा फरक पर्दैन। दूधको उत्पादन बढेसँगै यहाँ डेरी उद्योगहरु पनि थपिँदै छन्। बजार पनि विस्तार भइरहेको छ। देशमा जम्मा कच्चा दूधबाट पाउडर बनाउने तीनवटा उद्योगमध्ये एक यहाँ छ र अर्को प्रदेश सरकारको सहयोगमा बन्दैछ। यो खुशीको कुरा हो। यो उद्योग समेत सञ्चालनमा आएपछि यो प्रदेशमा कच्चा दूध धेरै भएको समयमा पाउडर बनाउने र ड्राई सिजनमा प्रयोग गर्न सकिन्छ वा अरु प्रदेशलाई बिक्री गर्न सकिन्छ।


दूध उत्पादनको पकेट क्षेत्र बन्दै गएको यहाँ उत्पादनको आधार कति बलियो छ भनेर हेरौं। सबैभन्दा पहिला दूध उत्पादनको लागि गाई कस्ता छन् र श्रोत के हो ? यहाँ दूध दिने गाई मुख्य त दुई किसिमका छन्। एक साधारण चोक्रे गाई र विकशित हुँदै गएका वा गरिएका जर्सी वा हलिस्टिन गाई। साधारण चोक्रे गाईमा उन्नत जातको गोरु लगाउने वा एआई गराउने किसानको चाहना र चेतना जाग्रित हुँदैछ। त्यसैले गाउँघरका साधारण गाईको क्रमशः सुधार हुँदै गरेको अवस्था छ, तर सन्तोष जनक सुधार छैन। कतिपय किसान उन्नत जातको ब्रिड नपाएर हैरान छन्। सरकारले उपलब्ध गराउने ब्रिडले कतिपय अवस्थामा माउकोभन्दा पनि कमशल बाच्छी दिएको गुनासो गर्ने गरेका छन्। गाईपालनको सन्दर्भमा यहाँ देखिएका कतिपय समस्या जस्तै पशु स्वास्थ्य, नश्ल सुधार, आहार, गोठ आदिका बारेमा क्रमशः सुधारका लक्षण देख्न थालिएको छ। अलि व्यवस्थित र योजना अनुसार हुन सके यीनमा अलि चाडो प्रगति हुने र राम्रो नतिजा देखिने अवस्था आउला भन्ने आषा गर्ने ठाउँ छ।

गाईपालनमा खासै चर्चा नभएको अर्को र निकै ठूलो समस्या भनेको यहाँका गोठमा बाच्छी हुर्काउने क्रम योजनाबद्ध नभएको पाइयो। त्यसैले यहाँ बर्षेनि गाई भारतबाट अबैधरुपमा ल्याउने गरेको अवस्था छ। एक अध्ययन अनुसार नेपालमा बर्षेनि ६० देखि ७० हजार गाई भारतबाट ल्याइन्छ। गाईको यो आयात अबैध हो। भारतले बैधानिक रुपमा गाई निकासी गर्दैन। त्यसैले कति गाई ल्याइन्छ यसको रेकर्ड भन्सार बिन्दुमा हुँदैन। तर, यति हो कि गाई निरन्तर भारतबाट आयात भइरहेको छ। यदि एउटा गाईको सरदर मूल्य नेपाली एक लाखमात्र मान्ने हो भने पनि बर्षेनि आयात गरिएका गाईका लागि नेपालले बार्षिक छ अर्ब माथिको रकम भुक्तानि गरिरहेको छ। यसको अर्थ यदि हामीले बाच्छी हुर्काउने काम योजनाबद्ध रुपमा यहीँ गर्ने हो भने यो व्यवसायमा देशमा वार्षिक छ अर्बको व्यवसायको बजार सुरक्षित छ।

बाच्छी हुर्काउने कार्यक्रम सञ्चालन गर्न के-के गर्नुपर्ला ? यस बारेमा प्रदेश सरकार र स्थानीय पालिका सरकारले किसानलाई प्रोत्साहित गर्नुपर्छ। संघीय वा प्रदेश सरकारले विशेषगरी उन्नत जातको सेक्स सिमेनको भरपर्दो व्यवस्था गर्नुपर्छ। यो त्यति ठूलो कुरा होइन। यस्तो सिमेन विदेशबाट झिकाउन पनि सकिन्छ र देशमै श्रोत केन्द्र स्थापना गर्न पनि सकिन्छ अथवा भएको श्रोत केन्द्रको स्तरोन्नति गर्ने, पूर्ण क्षमतामा चलाउने मात्रै गर्दा पनि धेरै काम हुन्छ।

एक-दुई माउदेखि चार-पाँच माउसम्म गाई पाल्ने किसानले गोठमा बाच्छी हुर्काउने गरे पनि ती स्वस्थ र हिष्टपुष्ट भएका हुँदैनन्। ठूला भनिएका फर्ममा पनि बाच्छी हुर्काउने गरी योजना बनेको देखिँदैन। त्यसैकारण बाच्छीले सुरक्षित सेवा पाउँदैनन्। कमजोर स्वास्थ भएका अर्थात् आँत छिनेका बाच्छीमा बाली ढिलो लाग्ने, यस्ता बाच्छीमा धेरै उन्नत जातको गोरु वा ब्रिड लगाउँदा ब्याउन सकस हुने गर्छ। त्यसैले स्वास्थ कमजोर भएका बाच्छीमा एभरेज खालको साँडे वा ब्रिड लगाउनुपर्ने हुन्छ। यसबाट नश्ल सुधार चाहेको स्तरमा हुन सक्दैन। दुई पुस्तामै हुनुपर्ने सुधार पाँच पुस्तामा पनि नहुने अवस्था आउन सक्छ। अहिले त्यही भइरहेको छ।

किसानका गोठमा किन स्वस्थ बाच्छी भएनन् भनेर अध्ययन गर्नुपर्छ। यसको कारण पत्ता लगाए पछि निराकरण गर्न सजिलो हुन्छ। एक अध्ययन अनुसार एउटा बाच्छीले स्वस्थ हुनका लागि उसलाई आवश्यक



पर्ने दूध खान पाउनुपर्छ। बिरामी हुँदा उपचार पाउनुपर्छ, बस्ने गोठ सफा र सुरक्षित हुनुपर्छ। घाँसदाना प्रयाप्त खान पाउनुपर्छ। तातो-चिसो अर्थात् गर्मी जाडोको मौसममा उचित तापक्रम भएको सुरक्षित बासस्थानको आवश्यकता पर्छ। किसानले यो कुरामा कतिको ध्यान पुर्‍याएका होलान् ? हाम्रा किसान तत्काल अनुत्पादक रहेको बाच्छीको स्याहार सही तरिकाले गरिरहेका छैनन्। बाच्छीले समयसम्म अघाउँजी अर्थात् आवश्यकता अनुसारो दूध खान पाएको हुँदैन। किसानले बाच्छीको भागबाट पनि केही दूध लिएर बेच्न चाहन्छन्। यसोगर्दा तत्काल पैसा आउँछ। प्रयाप्त दूध खान दिने हो भने एउटा बाच्छीले करिब आठ-नौ महिनामा रु.२५ हजारभन्दा बढीको दूध खाने हिसाब छ। किसानले सोच्ने गर्छन् दूध नै २५ हजारको खान्छ। त्यसपछि अरु २० महिना जति खान मात्रै दिएर पाल्नुपर्छ। अर्थात् बाच्छीलाई करिब अढाई वर्ष एकोहोरो लगानी गरिरहनु पर्छ। आम्दानी त त्यसपछि मात्रै दिने हो, त्यो पनि सबै हिसाबले ठिकठाक भएमा। किसान निरन्तर लगानी गरेर यति लामो समय पर्खन सक्दैनन्।

किसान तुरुन्तै आम्दानी दिने दूधालु गाई किनेर ल्याउन चाहन्छन्। त्यो पनि धेरै दूध दिने। यस्ता गाई हाम्रो परिवेशमा हुँदैनन् र भारतमा गएर त्यहाँको गोठमा छनौट भएका २० लिटर हाराहारीमा दैनिक दूध दिने गाई खरिद गरेर ल्याउँछन्। किसानले हिसाब लगाउँछन् गाईले २० लिटर दैनिक दूध दिन्छ, १० लिटर दूधको आम्दानी उसैलाई अर्थात् दानापानीमा, १० लिटरको आम्दानी आफूलाई। करिब नौ-दश महिनामा गाईले दाम उठाउँछ। गाई र बाच्छो वा बाच्छी जे हुन्छ त्यो पनि फाइदा। यो सोझो हिसाबमा किसान हुन्छन्। तर, गाईले ठाउँ सरे पछि, मालिक अर्थात् हेरचाह गर्ने मानिस फेरिएपछि, साथी फेरिएपछि, वातावरण फरक परेपछि, खानपिनमा परिवर्तन भएपछि, हावापानी र मौसम फेरिएपछि जस्ता कारणले गाईको उत्पादन घट्छ। गाई बिरामी हुन थाल्छ। सधै दूध एकनासले आउँदैन। यस्ता कारण किसान मार्कामा पर्ने गर्छन्। अर्को एक अध्ययन अनुसार यस्ता गाईमा बाँझिने र ढिलो बाली लाग्ने समस्या पनि धेरै हुन्छ। यदि गोठमा हुर्किएको वा स्थानीय जातमा नश्ल सुधार हुँदै आएको भए यस्ता गाईमा रोग प्रतिरोधात्मक क्षमता बढी हुने थियो। बिरामी कम हुने थिए। खानपिनमा सहज हुने, वातावरण अनुकूल हुने, स्थानीय गोठमा बस्न अभ्यस्त हुने आदि कारणले उत्पादनमा धेरै उतारचढाव हुँदैन। तर, आयातित गाईमा यो समस्या धेरै हुन्छ।

किसानले सोच्ने गर्छन् बाच्छी हुर्काउने यति लामो र खर्चिलो प्रकृया अपनाउनुभन्दा बरु दूध छुटेपछि बाच्छी जतिमा बिक्छ बेची दिने सोचमा हुन्छन्। यस्ता बाच्छी धार्मिक मान्यता अनुसार गौदानका लागि तयार हुन्छन्। धेरथोर दाममा बिक्छन् नै। पाउनेले सित्तैमा पाउने भएकाले जस्तो भए पनि स्वीकार्नु पाउनेको बाध्यता हो भने दान दिने बाच्छी किन राम्रो, बलियो चाहियो। जस्तो भए पनि बाच्छी भए पुग्छ। सस्तो चाहियो। बस्। यो सोचका कारण हाम्रा बाच्छी र बाच्छी पाउने सबैले दुःख पाएका छन्। उत्पादन न्यून हुनु स्वभाविकै भयो।

**अब के गर्ने ?:**

स्थानीय पालिकाहरुले आफ्नो क्षेत्रका गाईपालक किसानलाई बाच्छी हुर्काउन प्रेरित गर्न सक्छन्। यसका लागि ठूलो लगानी चाहिँदैन। हरेक पालिकाले वर्षमा एक सयदेखि दुई सयको संख्यामा बाच्छी हुर्काउने गरी किसानलाई बाच्छीको लागतमा सहभागिता जनाउन प्रतिबाच्छी १० देखि १५ हजार अनुदान दिने व्यवस्था मिलाउने। अनुदान पाउने बाछी कस्तो हुनुपर्छ ? मापदण्ड तयार गर्ने। जस्तै उमेर (महिना) अनुसारको तौल, मोटाई, उचाई निर्धारण गरेर मापदण्ड पुगेका बाच्छीलाई तोकेको अनुदान दिने हो भने किसानले बाच्छीलाई तत्काल आम्दानीको श्रोत मानेर राम्रो हेरचाह र स्याहार गर्ने छन्। यस्ता बाच्छी किसानले अनुदानपछि आफ्नै गोठमा पाले पनि भयो र बिक्री गरे पनि भयो। पालिकाभित्र खास गाईगोठलाई बाच्छीको श्रोतकेन्द्रका रुपमा विकास गर्ने। पूर्वाधार निर्माण र आहारका लागि केही अनुदान ( प्रतिबाच्छी करिब पाँच हजार पर्ने गरी) दिने हो भने अब माउबाट दूध छुटेका यस्ता बाच्छी मात्रै संकलन गरेर हुर्काउने गाई फार्मको विकास गर्न सकिन्छ। यस्ता फर्महरु गाईको श्रोतकेन्द्र बन्न सक्छन्।

पालिकाबाट अनुदान पाउन चाहने किसानहरु पालिकामा सूचीकृत हुन जरुरी छ। पालिकाले सूचना गरेर किसानलाई सूचीकृत गर्ने पहिलो काम हुनुपर्छ। त्यसपछि गाई ब्याएको बखत (१० दिनभित्र) गाई सुत्केरी भएको सूचना दिने। यस्तो सूचना दिएर पञ्जिकृत भए वापत गाईधनीलाई गाईको सुत्केरी भत्ता प्रतिगाई रु. एक हजार दिने। यसो गर्दा गाई ब्याएको सूचना पाइन्छ। बाच्छीको वास्तविक लागत राख्न मद्दत पुग्छ। बाच्छीको माउको बारेमा जानकारी हुन्छ। अनुदान लिन चाहने किसानले बाच्छीको राम्रो हेरचाह र स्याहार गरेर तोकिएको मापदण्ड अनुसारको शारीरिक विकास भएको हुनुपर्छ। तब मात्रै तोकिएको अनुदान पाइने व्यवस्था गर्नुपर्छ। नौ-दश महिनामा यस्तो अनुदान दिने र बाच्छी किसानले बिक्री गर्न चाहेमा मापदण्ड पुगेको बाच्छी स्थानीय श्रोतकेन्द्रले खरिद गरिदिने व्यवस्था गर्नुपर्छ। किसानले आफैले पाल्न चाहेमा पाल्न दिनुपर्छ। यस्ता मापदण्ड अनुसारका स्वस्थ बाच्छी २० देखि ३० हजारमा किनबेच हुँदा किसान बाच्छी हुर्काउन उत्साहित हुनेछन्। बाच्छी हुर्काए वापतको लागत बाच्छीले बोक्छ र अनुदानमा पाएको रकम नाफा हुन्छ।

तोकिएका श्रोतकेन्द्रले जम्मा गरेका बाच्छीको सामुहिक हेरचाह र स्याहार हुन्छ। यस्ता बाच्छीले विज्ञको सेवा पाउने छन्। यस्ता श्रोतकेन्द्रहरुमा पशुविज्ञ राखेर अनुसन्धान गर्न सहज हुन्छ। विज्ञको रेखदेखमा हुर्किन पाएका यस्ता बाच्छीमा उनीहरुलाई अनुकूल हुने जातको ब्रिड दिएर थप हुर्काउने गर्नाले स्वस्थ, सूचीकृत यस्ता बाच्छी वा पहिलो बेते गाई किन्न इन्छुक किसान श्रोतकेन्द्रमा आउने छन्। यो सम्बद्ध सबैका लागि उपयोगी हुन्छ। यस्तो श्रोतकेन्द्र झापाका १५ पालिकामा एक-एक वटा गर्न सके झापाले क्रमशः देशलाई नै गाई उपलब्ध गराउने काम गर्न सक्छ। झापाको यो सिको अरु जिल्ला र पालिकाहरुले गर्दै जाँदा केही वर्षपछि देशले भारतबाट गाई ल्याउनुपर्ने अवस्था नहुन सक्छ। देशको बार्षिक छ-सात अर्ब रुपैयाँको बचत हुन्छ। देशमा रोजगारी बढ्छ। किसानलाई यस किसिमको कार्यक्रमबाट अप्रत्यक्ष रुपमा समेत राम्रो फाइदा हुन्छ। हरेक वर्ष गाई खरिदका लागि जति पैसा देश बाहिर जान्छ त्यति पैसा सबै मिलेर योजनाबद्ध काम गर्ने हो भने केही वर्षमा देशले गाई विदेशबाट ल्याउनुपर्ने अवस्थाको अन्त्य हुन्छ। लौ न केही गरौं।

# चाडपर्वमा उपभोक्ता ठगिनबाट बचौं

ज्योति खतिवडा



चाडपर्व आउँदै गर्दा उपभोग्य वस्तु, लत्ताकपडा तथा विलासिताका सामानको बिक्री-वितरण अरू समयमा भन्दा धेरै हुने गर्छ, जसले गर्दा यो समय अर्थिक कारोबारका दृष्टिले महत्वपूर्ण मानिन्छ। चाडपर्वमा आफ्नो आयस्रोतले भ्याएसम्म तथा नभ्याए ऋण खोजेर भए पनि चाडपर्वमा मीठो-मसिनो खाने नेपालीहरूको पुरानो परम्परा अझै पनि रहिआएको छ। यसरी चाडपर्वको नाममा धेरै खर्च गर्ने परिपाटी दिनदिनै बढ्दै गइरहेको अवस्थामा चाडपर्व हाम्रो समाज परिवर्तनसँगै भड्किलो बन्दै गइरहेको छ। त्यस्तै अर्काको देखासिकी गरेर चाडपर्व मनाउने एउटा थिति जस्तै हुँदै आइरहेको छ।

चाडपर्व नजिकिँदै गर्दा उपभोक्ता ठगिने क्रम बढ्न थालेको छ। चाडपर्व लक्षित गरी खोलिने सुलभ तथा सस्ता पसलहरूमा गुणस्तरहीन सामान बिक्री-वितरण हुने गरेको पाइन्छ, जसले गर्दा उपभोक्ता पैसा बचाउने लोभमा गुणस्तरहीन सामान किन्न बाध्य हुन्छन्। यस्ता चाडपर्व लक्षित आउने अफरहरूमा उपभोक्ता सचेत हुन अति आवश्यक छ। जब चाडपर्व नजिकिँदै गर्छ तब हरेक क्षेत्रमा लुटतन्त्र शुरु हुने गर्छ। यसरी चाडपर्वमा हुने विकृति, विसंगति नियन्त्रणमा सरकार तथा सम्बन्धित निकायहरूले ध्यान दिनु अति आवश्यक देखिएको छ। हरेक वर्ष सरकारले चाडपर्वको समयमा नाम मात्रको अनुगमनले केवल उपभोक्ताको आँखामा छारो हाल्ने काम मात्र भएको देखिन्छ।

अर्थतन्त्रको चलायमान यो समयमा उपभोग्य क्षेत्रदेखि लिएर सेवाप्रदायक क्षेत्रमा पनि आमजनमानस लुटिने गरेका छन्। दैनिक उपभोग्य वस्तु बेच्न सस्तो तथा सुलभ पसलहरूको नाममा खोलिने, पाँच-दश रुपैयाँको लोभ देखाएर गुणस्तरहीन सामान बिक्री गरिन्छ। यो समय बजारमा खुलेआम मिति सकिएका, मिसावट गरिएको खाद्यवस्तु तथा कम तौल भएका खाद्यपदार्थ स-साना पसलदेखि ठूला-ठूला डिपार्टमेन्टल स्टोर्सहरूमा समेत बिक्री भइरहेको हुन्छ। त्यस्तै विभिन्न किसिमका छुट तथा अफर देखाएर लत्ताकपडा बिक्री गर्ने व्यापारीहरूले पनि निर्धक्क कमसल मूल्यका सामान चर्को मूल्यमा बिक्री गरिरहेका छन्।

यो समय उपभोक्ता ठग्ने सुनौलो अवसर पनि हो। चाडपर्वमा सबैलाई राम्रो लगाउँ, मीठो-मसिनो खाऊँ लाग्ने भएकाले हामी ससानो कुरामा ख्याल नगरी वस्तु खरिद गर्छौं, जसले गर्दा हामी अप्रत्यक्ष रूपमा स्वास्थ्यमाथि ठूलो खेलबाड गरिरहेका छौं। अब हामी उपभोक्ता चनाखो हुन अति जरुरी छ। हचुवाको भरमा गुणस्तरहीन सामानहरूमा पैसा र समय खेर नफालौं।

यति हुँदाहुँदै पनि कहींकतै ठगिएको थाहा पाउना साथ विरोध र सचेत नागरिकका हैसियतले अरूलाई पनि ठगिने वातावरणबाट जोगाऊँ। आफूले खरिद गर्न लागेका सामानहरूको राम्ररी हेरेर किन्ने बानी आजैबाट शुरु गरौं। नाम र ब्राण्डको भरमा परी कहिल्यै सामान खरिद नगरौं। अहिलेको समय भनेको उपभोक्ता नै सजग र होसियारी हुनुपर्ने बेला आएको छ। अर्को कुरा, चाडपर्वमा अनावश्यक खर्च नगरौं। आफ्नो आम्दानी अनुसारको खर्च गर्ने बानी नै सचेत उपभोक्ताको खुबी हो। अरूको देखासिकीबाट टाढै बसेर आफूलाई अनुकूल हुने ठाउँमा अति आवश्यक सामान मात्र किनौं, कहिल्यै अनावश्यक ऋण लिएर पर्व मनाउने नगरौं।

अन्त्यमा चाडपर्वमा हुने ठगी नियन्त्रणको लागि सरकारी क्षेत्रबाट छिटोभन्दा छिटो अनुगमन तथा निरीक्षण गर्नु अति आवश्यक छ। त्यस्तै जब उपभोक्ता आफैं जागरुक तथा सचेत भएर सामान खरिद गर्छौं तब ठग्ने नियत बोकेर व्यापार गर्ने व्यापारी पनि आफैं सजग हुन्छन्। यदि हामी सचेत भएनौं भने ठगिने क्रम अझै बढ्दै जान्छ र लुटिने क्रम सधैंभरि रहिरहनेछ।

## नर्सिङ केयरगिभरमा १०००लाई सहभागी गराइने

**झापा, असोज १५।** पहिलो चरणमा नेपालबाट जापान लैजाने भनिएका नर्सिङ केअरगिभर अर्थात् स्वास्थ्य सहयोगी छनौट परीक्षामा एक हजार जनालाई मात्र सहभागी गराउन सकिने जानकारी जापानबाट पाएको अधिकारीहरूले बताएका छन् ।

बेवसाइट मार्फत् आवेदन भर्नेहरूको संख्या धेरै हुने भएकाले परीक्षामा सहभागी हुने आवेदकको संख्या पनि बढाउन आग्रह गरिएको श्रम तथा रोजगार मन्त्रालयले जनाएको छ ।

तर, त्यसको उत्तर प्राप्त भइनसकेको अधिकारीहरूको भनाइ छ । दुई देशबीच भएको सम्झौता अनुरूप अन्य १३ वटा क्षेत्रमा पनि कामदार लैजाने प्रक्रिया शुरु गर्न नेपालका तर्फबाट पत्राचार गरिएको बताइएको छ ।

दुई देशबीच भएको सम्झौता अनुरूप पहिलो चरणमा स्वास्थ्य सहयोगीका लागि अनलाइन आवेदन लिने काम भइरहेको छ । छनौटका लागि सीमित आवेदकको मात्र परीक्षा लिइने जानकारी जापान सरकारले नेपाल सरकारलाई गराएको श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको रोजगार समन्वय महाशाखा प्रमुख उमेश ढुंगानाले बताए ।

अन्य क्षेत्रका लागि पनि प्रक्रिया शरु गर्न पत्राचार गरिएको महाशाखा प्रमुख ढुङ्गानाले बताए । तर, एक वर्षभित्र थप केही पटक परीक्षा लिने सहमति रहेकाले दरखास्त दिएकाहरूले भावी दिनमा मौका पाउन सक्ने बताइन्छ ।

तर, स्वास्थ्य सहयोगी परीक्षाका लागि नेपालका लागि तोकिएको संख्या हेर्दा अपेक्षा अनुरूप नेपालले लाभ लिन सक्ने अवस्था नदेखिएको जानकारहरू बताउँछन् । पाँच वर्षमा ११ वटा देशबाट तीन लाख ५० हजार विदेशी कामदार जापानले भित्र्याउने उद्देश्य राखेको बीबीसीले जनाएको छ ।

## मातृभूमिको प्रथम सभा



**बिर्तामोड, असोज १५।** मातृभूमि भलाई एण्ड इन्भेष्टमेन्ट प्रालि बिर्तामोडको प्रथम साधारणसभा सम्पन्न भएको छ ।

संस्थाका अध्यक्ष कुलप्रसाद ओडारीको अध्यक्षता तथा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका केन्द्रीय उपाध्यक्ष कृष्णप्रसाद सुवेदीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा संस्थाका सञ्चालक सदस्य राजेन्द्रकुमार बस्नेतले स्वागत गरेका थिए ।

कार्यक्रममा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका केन्द्रीय सदस्यहरु राजेन्द्र रिजाल, नरहरी चापागाईं, यातायात व्यवस्था कार्यालय मेचीका प्रमुख गोपीचन्द्र बोहोरा, जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रमुख होमप्रसाद अधिकारी, किचकबध यातायात प्रालिका अध्यक्ष काशीनाथ घिमिरे, अर्जुनधारा यातायात प्रालिका अध्यक्ष गोपाल घिमिरे, प्रभु इन्स्योरेन्सका चन्द्र अधिकारी, बीएण्डसी हस्पिटलका विनोद रिसाल लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा भावी कार्यक्रमसहितको प्रतिवेदन संस्थाका अध्यक्ष ओडारी, लेखा समितिको प्रतिवेदन लेखा समितिका संयोजक यादवकुमार ओली, आर्थिक वर्ष २०७६/०७७ को बजेटसहितको आर्थिक प्रतिवेदन बजेट मस्यौदा समितिका संयोजक टंकप्रसाद दवाडी र दुर्घटना उपसमितिको प्रतिवेदन दुर्घटना समितिका संयोजक गंगा सिटौलाले प्रस्तुत गरेका थिए ।

सवारी दुर्घटनाबाट उत्पन्न हुने जनधनको दायित्व वहन गर्ने एकमात्र भरपर्दो संस्थाको रुपमा गत चैत २८ गते संस्थाको स्थापना गरिएको र संस्थाले सवारी दुर्घटनामा घाइते भएका व्यक्तिहरुको अस्पतालको सल्लाह अनुसार औषधोपचारको व्यवस्था गर्ने, सवारी दुर्घटनामा मृत्यु भएका व्यक्तिहरुको किरिया खर्च र क्षतिपूर्ति उपलब्ध गराइने, सवारी दुर्घटनाबाट क्षति हुन गएको सवारीको बिमालेखको परिधिभित्र रहेर मर्मत सम्भार गर्ने, सवारी दुर्घटनासँग सम्बन्धित सवै प्रकारका कानूनी परामर्श, सल्लाह र सहयोग प्रदान गर्ने अध्यक्षको प्रतिवेदनमा उल्लेख छ ।

संस्थाको अधिकृत पुँजी दुई करोड रुपैयाँ र चुक्ता पुँजी ५८ लाख रुपैयाँ रहेको संस्थाले जनाएको छ । हाल संस्थामा साना-ठूला गरी छ सय वटा सवारीसाधन आबद्ध भएको बताइएको छ । संस्थाले आर्थिक वर्ष २०७६/०७७ मा दुई करोड ६६ लाख ५० हजार रुपैयाँको वार्षिक बजेट विनियोजन गरेको बजेट मस्यौदा समितिका संयोजक दवाडीले बताए । कार्यक्रमको सञ्चालन संस्थाका प्रवन्ध निर्देशक टंकप्रसाद दवाडीले गरेका थिए ।

## बम आतंकको निन्दा र भर्त्सना

**विमल दाहाल**

**इलाम, असोज १५।** अज्ञात समूहले मेयरको घरमा बम राखी ज्यान मार्ने उद्देश्य राखेको भन्दै घटना भएको नौ दिन पछि इलामको माई नगरपालिकाले घटनाको निन्दा र भर्त्सना गरेको छ ।

माई नगरपालिकाले विज्ञप्ति जारी गर्दै घटनाको निनदा र भर्त्सना गरेको हो । नगरपालिकाकी उपप्रमुख बिष्णुमाया रिमालद्वारा हस्ताक्षरित विज्ञप्तीमा माई नगरपालिका लोकतान्त्रिक बिधि र कानूनी शासनका आधारमा असहमतिका तथ्यहरु बार्ता र छलफलका माध्यमबाट निकास निकाल्न तयार छौं -भनिएको छ ।

त्यस्तै लोकतन्त्रको आधारभूत मूल्य-मान्यता, बहुलवादी खुला समाज, मानव अधिकार, सामाजिक न्याय, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात गर्दै विधिको शासनप्रति नगरपालिका पूर्णप्रतिबद्ध रहेको विज्ञप्तिमा उल्लेख गरिएको छ । लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिका रुपमा स्थापित गर्ने कुरामा नगरपालिका हरपल प्रयत्नशील छ विज्ञप्तिमा उल्लेख गरिएको छ ।

गत असोज ६ गते सोमबार नगरपालिका प्रमुख दिपककुमार थेवेको निवासमा अज्ञात समूहले प्रेसर कुकर बम राखी जन-धनको क्षति गर्ने उद्देश्यले गरेको कार्य निन्दनीय भएको माई नगरपालिकाले जनाएको छ । जनप्रतिनिधि 'मालिक होइन, सेवक हौं' भन्ने मान्यतामा आधारित जनउत्तरदायी, पारदर्शी, मेहनती र सहयोगी संयन्त्रबाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई मार्गदर्शनका रुपमा ग्रहण गरेका छौं- विज्ञप्तिमा भनिएको छ ।

व्यक्तिगत रिसईवी वा नगरपालिकाको विकाससँग जोडिएर वा कसले, किन र कुन उद्देश्यले यो घटनाको योजना गरियो हालसम्म अज्ञात नै रहेको छ । जसले जेसुकै उद्देश्य, सोच राखेर सो कार्य गरेको भएता पनि वास्तवमा नै निर्मम, क्रुर र अमानवीय सोचका साथ गरिएको माई नगरपालिकाले ठहर रहेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

नगरपालिकाभित्रका जनप्रतिनिधि, कर्मचारी प्रति कुनै बिषयमा असहमति भए लोकतान्त्रिक बिधि र कानूनका आधारमा असहमतिका तथ्यहरु वार्ता र छलफलका माध्यमबाट निकास निकाल्न तयार रहेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

## औषधि खरिद गर्न बजेट नहुँदा समस्या

**झापा, असोज १५।** झापा कारागारका कैदीबन्दीका लागि औषधि खरिदमा पर्याप्त बजेट नहुँदा समस्या भएको छ ।

कारागार प्रमुख राजेन्द्र निरौलाका अनुसार अढाई सय क्षमताको कारागारमा हाल पुरुष एक हजार २८ र महिला ९२ गरी एक हजार एक सय २० कैदीबन्दी छन् । सानो ठाउँमा खचाखच कैदीबन्दी बस्नुपर्ने बाध्यताले प्रायः दैनिक १० जनाभन्दा बढी बिरामी हुने गरेका छन् ।

कारागारमा दमका रोगी, मुटुरोगी, एचआइभीका बिरामी पनि छन् । यति धेरै कैदीबन्दी रहेको कारागारमा सरकारले औषधि उपचार खर्चका लागि चालू आर्थिक वर्षमा रु. १३ लाख मात्र बजेट विनियोजन गरेको प्रमुख निरौलाको भनाइ छ । उनले गत वर्ष सरकारले रु. १८ लाख बजेट विनियोजन गरे पनि खर्च रु. २० लाख भएको बताए ।

चालू आ.व. २०७६/०७७ मा पठाएको रु. १३ लाख खर्चबाट गत वर्षको रु. दुई लाख औषधिको बक्यौता तिरेको र बाँकी रहेको रु. ११ लाखले मुस्किले छ महिना मात्र पुग्ने उनले जानकारी दिए ।

कैदीबन्दीमा प्रायःजसो छाला र भाइरल फिबरको समस्या भएको बताउँदै उनले दुई सयभन्दा बढीमा समस्या रहेकामा स्वास्थ्य कार्यालय झापा, भद्रपुर नगरपालिकाको औषधि सहयोग र ओमसाइ पाथीभरा अस्पतालको प्राविधिक सहयोगमा न्यूनीकरण भएको बताए ।

विभिन्न परिबन्दमा परेर कैदी जीवन बिताइरहेकालाई पाथीभरा अस्पतालको विशेषज्ञ चिकित्सकको टोलीले महिनामा एकपटक कारागारमा आएर निःशुल्क स्वास्थ्य जाँच गरिरहेको उनले बताए ।

## राजवंशीलाई राहत, इञ्जिनियर बर्खास्त

**गौरादह, असोज १५।** गौरादह नगरपालिकाले क्षमायाचनासहित मृतक धनवीर राजवंशीको परिवारलाई भरणपोषणका लागि राहत स्वरूप पाँच लाख रूपैयाँ र इञ्जिनियर सचिन क्षेत्रीलाई बर्खास्त गर्ने निर्णय गरेपछि नगरपालिका र स्थानीयबीच भएको तनाव साम्य भएको हो ।

सामाजिक कार्य गर्दै राजवंशीको मृत्यु भएको जनाउँदै राजवंशीप्रति श्रद्धाञ्जलि अर्पण गर्दै नगरपालिकाले उनलाई सामाजिक अभियन्ताका रूपमा सम्मान दिने समेत निर्णय गरेको छ । नगरपालिकाको काम कारबाहीको अनुगमन गर्ने, अनियमितता गर्ने कर्मचारीको छानविन गरी कानूनी काम कारवाहीका लागि सिफारिस गर्ने लगायतका कार्यहरू गर्न सुशासन समिति समेत गठन गर्ने नगरपालिकाले निर्णय गरेको छ ।

गौरादह नगरपालिका वार्ड नं. ८ भुडिसिमलका ५८ वर्षीय धनवीर राजवंशी उपभोक्ता समितिको रकम भुक्तानीका लागि पटक-पटक नगरपालिका गएको, गत असोज १२ गते पनि भुक्तानी लिन नगरपालिका गए पनि भुक्तानी नपाएपछि उनी नगरपालिका मूल गेटमै बेहोस भएका थिए । र, उनलाई उपचार गर्न लैजाने क्रममा उनको मृत्यु भएको थियो । राजवंशीको मृत्यु भएको भन्दै उनको शव नगरपालिका परिसरमा राखेर स्थानीयबासीले प्रदर्शन गरेका थिए ।

नगर कार्यपालिकाको बैठक बसेर पीडितलाई राहत स्वरूप दुई लाख रूपैयाँ दिने र इञ्जिनियर सचिन क्षेत्रीलाई तत्काल निलम्बन गरी छानविन समिति गठन गर्ने निर्णय गरे पनि पीडित पक्षले नमानेपछि मंगलबार बिहानदेखि स्थिति झन् तनावपूर्ण भएको थियो । स्थानीयबासीले कार्यालयको झ्यालको सिसा, साईन बोर्ड तोडफोड गरेका थिए ।

नगरपालिकाले आर्थिक वर्ष २०७५/०७६ को बजेटबाट वैराती बजार टहरा निर्माणका लागि तीन लाख रूपैयाँ छुट्याएको थियो । उक्त टहरा निर्माण गर्न मृतक राजवंशीको अध्यक्षतामा टहरा निर्माण समिति गठन भएको थियो । राजवंशीले असार महिनाको २५ गते वार्ड सिफारिस, अनुगमन समितिको कार्य सम्पन्न गरेको प्रतिवेदनसहित नगरपालिकाको प्राविधिक शाखामा फाइल पेश गरेका थिए ।

## कालिकापीठमा शत्चण्डी महायज्ञ



**शनिश्चरे, असोज १५।** शारदीय नवरात्रको अवसर पारेर अर्जुनधारा नगरपालिका वार्ड नं. ९ मा रहेको देवीको सिद्ध शक्तिपीठ कालिकापीठ कालीस्थानमा शत्चण्डी महायज्ञ सञ्चालन भइरहेको छ ।

नवरात्र अवधिभर दुर्गा भवानीको विशेष पूजा आराधना, १० जना ब्राम्हण बटुकहरुद्वारा दुर्गा शप्तशति पाठसहित शत्चण्डी महायज्ञ शुरु गरिएको हो । नेपालीहरुको प्रमुख चाड बडादशैंको प्रारम्भका दिन घटस्थापना गरी वैदिक स्तोत्र पाठसहित दैनिक विशेष पूजा आराधना भइरहेको पीठका अध्यक्ष ज्यो. पं. लक्ष्मीप्रसाद पोखरेलले जानकारी दिए ।

नवमीसम्म (नवरात्रभर) शक्तिको आराधना गरी नवदुर्गाको प्रतीकस्वरुप नवकन्याको पूजनसँगै महायज्ञ समापन गर्ने परम्परा रहेको यज्ञाचार्य आ. रघुनाथ रिजालले जानकारी दिए । उनका अनुसार शैलपुत्री, ब्रम्हचारिणी र चन्द्रघण्टास्वरुपा पराम्बा माताको पूजन सकिएको छ भने अब क्रमशः कुष्माण्डा, स्कन्दमाता, कात्यायिनी, कालरात्री, महागौरी, सिद्धिदात्रीको विशेष पूजा गरिने बताइएको छ ।

आयोजित महायज्ञमा सय आवृत्ति बढी दुर्गा सप्तशती ( चण्डी) पाठ गरेर नवदुर्गा, त्रिशक्ति मानिने महाकाली, महालक्ष्मी र महासरस्वतीको विशेष पूजा आरधना पनि गरिनेछ । आश्विन शुक्ल प्रतिपदादेखि शुरु भएको यज्ञ आगामी नवमीका दिन समापन गरिने पीठका उपाध्यक्ष डिल्लीराम दाहालले जानकारी दिए । उक्त अनुष्ठानमा उपस्थित भएर धार्मिक लाभ तथा अध्यात्म शान्ति लिन पनि पीठले समस्त धर्मानुरागी महानुभावमा अनुरोध गरेको छ ।

असत्यमाथि सत्यको र आँशुरी शक्तिमाथी दैवी शक्तिको विजय उत्सवका रुपमा लिइने बडादशैंको प्रारम्भमा आश्विन शुक्लपक्ष प्रतिपदादेखि नवमीसम्म प्रत्येक बर्ष देवीको सिद्ध शक्तिपीठ कालिकापीठमा देवीको विशेष पूजा आराधना गरिँदै आएको छ ।

## स्वस्तिमा र निश्चल साली-भेना



युवापुस्तालाई मनपर्ने लभस्टोरी कथामा फिल्म बनाउन सिपालु मानिने हेमराज विसीद्वारा निर्देशित फिल्म 'घामड शेरे' को पहिलो गीत सार्वजनिक भएको छ । डान्सिङ विटको 'साली मनपर्‍यो' बोलको रोमान्टिक गीतमा 'रियल जोडी' निश्चल बस्नेत र स्वस्तिमा खड्का फिचर्ड छन् । यो फिल्ममा दुईको प्रमुख भूमिका छ । उनीलाई फिल्ममा श्रीमान्-श्रीमतीको भूमिकामा देख्न पाइने बताइएको छ ।

दशैंको शुभकामना स्वरुप सार्वजनिक गरिएको गीतमा कालीप्रसाद बाँस्कोटाको शब्द तथा संगीत छ । उनलाई गायनमा अस्मिता अधिकारीले साथ दिएकी छन् । दीप लामा (द नेक्स्ट) को कोरियोग्राफी रहेको गीतको अडियो र भिडियो दुबै सशक्त छ । गीतले फिल्मको हाइप निर्माणमा महत्वपूर्ण भूमिका खेल्ने निर्माण टिमको विश्वास छ । फिल्म कात्तिक ८ गतेबाट प्रदर्शनमा आउँदैछ ।

पहिलो पटक निश्चल र स्वस्तिमाले जोडी भएर काम गरेका कारण यो फिल्मको दर्शकमा व्यग्र प्रतिक्षा छ । यसअघि दुईले फिल्म 'दुई रुपैयाँ' को 'कुटुमा कुटु' गीतमा ठुम्का लगाएका थिए । 'घामड शेरे' कमेडी विषयवस्तुमा निर्माण भएको बताइएको छ । गौरी मल्लको अतिथी भूमिका रहेको फिल्ममा सुष्मा निरौला, बादल भट्ट, लोकेन्द्र लेखक लगायतका कलाकारहरुको पनि अभिनय छ । नरेन्द्र विक्रम बुढा क्षेत्री कार्यकारी निर्माता रहेको फिल्मलाई नरेन्द्र मैनालीले खिचेका हुन् । सुरेन्द्र पौडेलको सम्पादन र कालीप्रसाद बाँस्कोटाको फिल्ममा संगीत रहेको छ ।

